फोन.नं. ०९९-५४००१०
info@shuklaphantamun.gov.np
ito.shuklaphantamun@gmail.com

# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या:-२०७९/०८०

मितिः २०७९/०४/०३

## सामाजिक सुरक्षा भत्ता नवीकरण गराउने सम्बन्धि अत्यन्त जरुरी सूचना।

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहिहरुले आ.व. २०७९/८० मा पनि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा प्रत्येक आर्थिक वर्षमा नवीकरणको लागि निवेदन दिनु पर्ने व्यवस्था रहेकाले मिति २०७९ श्रावण १ गते देखि असोज मसान्त भित्र परिचयपत्र नवीकरण गर्नका लागी सम्बन्धित लाभग्राहिहरुले आ-आफ्नो वडा कार्यालयमा आफु स्वयं उपस्थित भई परिचयपत्र नविकरण गराउनु हुनको लागी यो सूचना प्रकासित गरिएको छ। बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजका आमा, बुबा, संरक्षक/माथवरको उपस्थितिमा नवीकरण गराउन सकिने छ।

**परिचय पत्र नवीकरण गर्न आवश्यक कागजातहरुः-**

१) भत्ता प्राप्त गर्ने सबै लाभग्राहीको नेपाली नागरिकता प्रमाणपत्र / एक प्रति पासपोर्ट साईजको फोटो
२) बालबालिककाको हकमा जन्मदर्ताको प्रमाणपत्र
३) विधुवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि, अर्को विवाह नगरेको बडाको सिफारिस (६० वर्ष मुनिको विधुवा महिलाको हकमा)
४) अपाङ्गता भएका व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्र
५) सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी महिला (६० वर्ष माथी) को हकमा सम्वन्ध विच्छेद दर्ताको प्रमाणपत्र साथै अर्को विवाह नगरेको वडाको सिफारिस
६) न्यायीक पृथकीकरण गरी बसेका महिलाको हकमा न्यायीक पृथकिकरण भएको प्रमाण (६० वर्ष माथी)
७) अविवाहित एकल महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस (६० वर्ष माथी)

**नोटः माथि उल्लेखित समयावधि भित्र लाभग्राहीले परिचयपत्र नवीकरण नगराएमा प्रणालीबाट स्वचालित रूपमा नाम हट्ने र सो को कारण भत्ता छुट हुन गएमा यो कार्यालय जवाफदेही हुने छैन।**

२०७९/४/२
प्रमुख प्रशासकीय अधिकृत